बैठक नं. १३

आ.व. २०८२/०८३

आज मिति २०८३/१/१७ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

अन्य उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदमराज आचार्य | उपसचिव | |
| २ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| ३ | विवेक पोखरेल | ईन्जिनियर | |
| ४ | अनिल आचार्य | प्रशासकीय अधिकृत | |
| ५ | रवि थनेत | सूचना प्रविधि अधिकृत | |
| ६ | विकास नरसिंह राणा | स. प्रशासकीय अधिकृत | |
| ७ | गणेश सिंह ऐरी | स. लेखा अधिकृत | |
| ८ | प्रेम वहादुर सारु | बरिष्ठ प्रशासन सहायक | |
| ९ | विष्णु गिरी | वरिष्ठ लेखा सहायक | |
| १० | लक्ष्मी भट्टराई पाण्डे | स्कुल कार्यक्रम संयोजक | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

तेह्रौं कार्यपालिका बैठक

आ.व.२०८२/०८३

मिति:२०८३/१/१७

समय: दिउसो ३.०० बजे

स्थान: नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा।
२. अरुणखोला र गिरुवारी खोलाको विपद् खण्डको आय ठेक्काको सूचना सम्बन्धमा।
३. आयोजनाको म्याद थप सम्बन्धमा।
४. नदीजन्य पदार्थको उत्खनन् तथा ओसारपसारमा मेसिनरी औजार प्रयोग सम्बन्धमा।
५. हाम्रो खुसी पाठ्यक्रम कार्यान्वयन सम्बन्धी क्षमता विकास कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा।
६. नियुक्ती तथा पदस्थापना सम्बन्धमा।
७. विग वोल्डर/साधारण निर्माणमुखी माटोको IEE स्वीकृत गरी उत्खनन् अनुमति सम्बन्धमा।
८. अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा।
९. पूर्वाधार तर्फका आयोजना फरफारक तथा उपभोक्ता समितिलाई हस्तान्तरण सम्बन्धमा।
१०. निजी जग्गाको साधारण निर्माणमुखी माटोको उत्खनन् सम्बन्धमा।
११. नदीजन्य पदार्थको आम्दानी सम्बन्धमा।
१२. बजेट विनियोजन सम्बन्धमा।
१३. कार्यक्रम सहकार्य सम्बन्धमा।
१४. मध्यविन्दु नगर अस्पतालको सेवा विस्तार सम्बन्धमा।
१५. मध्यविन्दु नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को पहिलो संशोधन सम्बन्धमा।
१६. असाधारण विदा स्वीकृति सम्बन्धमा।

निर्णयहरु:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समीक्षा गरियो।
२. नगरपालिका अन्तर्गतका गिरुवारी खोला र अरुणखोलाबाट आर्थिक वर्ष २०८२/०८३ मा उत्खनन् र विक्री गर्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भई जिल्ला विपद् व्यवस्थापन समितिबाट सहमति प्राप्त भएका ७ वटा खण्ड र परिमाणमा आय ठेक्काको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

३. देहाय बमोजिमका निर्माण कार्यका आयोजनाहरुको ठेक्का सम्झौताको माग बमोजिम म्याद थप गर्ने।

| क..स. | ठेक्का नम्बर | योजनाको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थपको लागि माग गरिएको समय |
|---|---|---|---|---|---|
| १ | 02/NCB/MB/ WORKS/2082/83 | Bahunikuna Kusunde Dekhi Bhiuran jane sadak, Kusunde Khanda madhyabindu 11 | 2082- 6-28 | 2082- 12-30 | 2083-03-15 |
| २ | 05/NCB/MB/ WORKS/2082/83 | Ashphalt Concrete works on Madhyabindu ward no 3(Gurau chock to kawasoti 17, Nandabhauju marga,Durgamandir-Golden Height-Ratanpur) | 2082- 7-12 | 2082- 12-30 | 2083-03-15 |

४. ढुङ्गा, गिटी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को बुदाँ १२ मा ठूला रुपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि विशेष व्यवस्था बमोजिम आयोजनाहरुको लागि नदीजन्य पदार्थ अभाव हुन नदिन आवश्यक पर्ने नदीजन्य पदार्थ नियमानुसार दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री संकलनको व्यवस्था मिलाउनु पर्नेछ भन्ने कानुनी आधार बमोजिम नवलपुर सदरमुकाममा संघीय सरकारी कार्यालय भवन निर्माण एवम् सम्बन्धित अन्य पूर्वाधार निर्माण गर्न ठेक्का नं. PUDBC Chitwan/NCB/works68/081/082 को निर्माण व्यवसायी समानान्तर/ बुद्ध हिमाली जे.भी. काठमाडौंलाई अरुणखोलाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको खयरसाल खण्ड घ बाट ३०,००० घनमिटर निर्माण सामग्री (नदीजन्य पदार्थ) उत्खनन् आपुर्ति तथा निकासीका लागि मिति २०८२।१२।२३ को कार्यपालिकाबाट अनुमति प्रदान गरिएकोमा स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदनमा मेसिन औजार प्रयोग सम्बन्धी भएको व्यवस्था र नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापनमा मेसीनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधि, २०८० ले गरेका व्यवस्था बमोजिम उक्त खण्डबाट मेसिन औजार प्रयोग गरी सम्झौता भएको परिमाण नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्ने।

५. अभ्युदय संस्थान मानवीय शिक्षा शोध संस्थान हापुर भारतको च. नं. ३९६ मिति 2026/4/23 को प्राप्त पत्रानुसार 21 जुन 2026 देखि 27 सेप्टेम्वर 2026 (असार ७ देखि असोज ११ सम्म) सञ्चालन गरिने हाम्रो खुसी पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी क्षमता विकासका लागि मध्यस्थ दर्शनमा आधारित जीवन विद्या शिविरमा आनन्द निकेतन ग्रुप अफ स्कुल गुजरातले आर्थिक सहयोग गर्ने गरी पठाइदिन लेखि आएकोले यस नगरपालिकाको खुसी कार्यक्रमको कार्यान्वयन संग सम्बन्धित देहायका शिक्षक/ कर्मचारीहरुलाई मनोनयन गरी पठाउने निर्णय गरियो। साथै नगरपालिकाको खुसी कार्यक्रमको कार्यान्वयनसंग सम्बन्धित देहायका शिक्षक/ कर्मचारीहरुलाई मनोनयन गरी पठाउने निर्णय गरियो।

देहायः

क. लक्ष्मी भट्टराई पाण्डे खुसी कार्यक्रम संयोजक

ख. कृष्णचन्द्र गिरी MHRT

ग. टोक वहादुर सुनारी MHRT

घ. डोलराज काफ्ले MHRT तथा शिक्षक नवजागरण मा. वि.

ङ. मिना न्यौपाने MHRT

उल्लिखित अनुसार क्षमता विकास कार्यक्रममा सहभागी हुन पठाउँदा विद्यालयको पठनपाठनलाई नियमित वनाउन वर्षे विदापछि लागू हुने गरी तालिम अवधिभरका लागि प्रति विद्यालय मासिक २५ हजारका दरले स्वयम् सेवक शिक्षक व्यवस्थापन गर्न विद्यालयलाई अनुदान दिने।

६. प्रदेश लोकसेवा आयोग गण्डकी प्रदेश पोखराको च. नं. ३२६ मिति २०८२।१२।२० र च. नं. ३५० मिति २०८२।१२।२६ को पत्रबाट खुला सिफारिस भई आउनुभएका तपसिलका कर्मचारीहरुलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा १६ बमोजिम नियुक्ती तथा पदस्थापना गर्ने।

| क्र. सं. | नामथर | क. सं.नं. | सेवा/समूह | पद/तह | नियुक्ति लागु मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्मृती भण्डारी | | स्थानीय कृषि | कृषि अधिकृत /सातौं | २०८२।१२।२५ | सूचना नं. ७००५/२०८२-८३ (खुला) |
| २ | श्रद्धा सापकोटा | | स्थानीय स्वास्थ्य/ हे.इ. | जनस्वास्थ्य अधिकृत/ सातौं | २०८२।१२।३० | सूचना नं. ७०१८/२०८२-८३ (खुला) |

७. निजी जग्गा सम्याउदा निस्केको साधारण निर्माणमुखी माटो तथा विग बोल्डर उत्खनन् तथा विक्री वितरण गर्नका लागि देहायका फर्मको नाममा तयार गरेको IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.सं. | फर्मको नाम | जग्गाधनीको नाम | वडा नं. | कित्ता नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ओजश्वी कन्सट्रक्सन एण्ड सप्लायर्स (विग बोल्डर) | कर्ण वहादुर सौमै | म.न. पा.११ (साविक हुप्सेकोट१) | ३२७९,३२६९, ३२७३ | नारायणी ट्रेनिङ्ग एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैडाकोट |
| | | श्रीलाल सोमै मगर | म.न. पा.११ (साविक हुप्सेकोट१ | ३२७१, ३२७०, ३२७४ | |
| | | भुमीसरा वयम्बु मगर्नी | म.न. पा.११ (साविक हुप्सेकोट१ | १८४९, ५५५,१८५६, १८५८,१८६०, १८६३,१८५३ | |
| २ | Universal A & D Construction Pvt.ltd. (विग बोल्डर) | करविर राना मगर | म.न. पा.१३ | ७६९ | लुम्विनी एग्रो इन्भाइरोमेन्ट ल्याव प्रा.लि. नवलपरासी पश्चिम |
| ३ | सम्मेल कन्सट्रक्सन एण्ड सप्लायर्स | धन वहादुर कुमाल | म.न.पा. ५ साविक नारायणी ९ | ७९० | नारायणी ट्रेनिङ्ग एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैडाकोट |
| | | राकेश कुमाल | | ८९२ | |
| | | सोम वहादुर कुमाल | | ६०६ | |
| | | बुद्धि वहादुर कुमाल | | ७९१ | |
| ४ | एस. एण्ड. डि. सप्लायर्स | बम वहादुर वि.क. | म.न.पा. ५ साविक नारायणी ९ | ३६७,५२४ ५२५ | |
| | | कुमारी क्षेत्री | | ५०६ ५०७ | |

८. नगर उपप्रमुखबाट प्रस्तुत २०८२ साल चैत्र १ गते देखि २०८३ बैशाख ११ गतेसम्म अनुगमन तथा सुपरीवेक्षण भएका पूर्वाधार तर्फका देहायका आयोजना समावेश भएको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने।

| क्र.सं. | आयोजनाको विवरण | रकम रु हजारमा | कार्यान्वयन हुने वडा | कैफियत |
|---|---|---|---|---|
| १ | कुमारवर्ती मा. वि मोज्याईक टाइल | ४५० | २ | |
| २ | भुताहा पर्यटकीय सडक स्तरोन्नति तथा कल्भर्ट निर्माण | ६०० | २ | |
| ३ | मिश्रीत माछापालन सहकारी पूर्वाधार निर्माण | २५० | २ | |
| ४ | दाउनखोला पक्की कुलो निर्माण | १००० | ५ | |
| ५ | नवजिवन कृषक समूह भवन निर्माण | ३०० | २ | |
| ६ | भोटीखोला सिँचाई आयोजना | १०० | ५ | |
| ७ | विन्देश्वरी आ. वि पूर्वाधार निर्माण | २०० | ५ | |
| ८ | जनज्योती प्रा. वि.फर्निचर तथा पूर्वाधार निर्माण | २०० | १२ | |
| ९ | राधाकृष्ण मन्दिर सार्वजनिक शौचालय निर्माण | २५० | १२ | |
| १० | नारायणी प्रा. वि. कम्पाउण्ड निर्माण | २०० | १२ | |
| ११ | यादव मा. वि. पूर्वाधार निर्माण | ७०० | १२ | |
| १२ | गणेशस्थान सामुदायिक भवन निर्माण | ३०० | १३ | |
| १३ | सृजनशील टोल सडक स्तरोन्नति तथा नाला निर्माण | ५०० | १३ | |
| १४ | सरस्वती मा. वि. पूर्वाधार निर्माण | ५०० | १३ | |
| १५ | सरस्वती मा. वि. मा खानेपानी टयाङ्की निर्माण | ४०० | १३ | |
| १६ | गौरी शंकर टोलमा नाली स्लयाव तथा बाटो स्तरोन्नति तथा पार्क निर्माण | ७०० | ९ | |
| १७ | माछापुच्छ्रे मार्ग र खेलकुद मार्गमा अधुरो ढलान निर्माण | १००० | ७ | |
| १८ | अम्रशा खेलमैदान स्तरोन्नति | १०० | ७ | |
| १९ | मुरली खोला तटबन्धन राजु खनालको घरदेखि आकाश गुरुङको घरसम्म | २५० | ७ | |
| २० | नवजागरण मा. वि. मूल गेटदेखि उत्तर तर्फ कम्पाउण्ड वाल निर्माण | ४०० | ७ | |

| | | | |
|---|---|---|---|
| २१ | बरुवा किसान चोक देखि तम्सरिया जाने बाटो स्तरोन्नति | २०० | ६ |
| २२ | टाँडी खोप केन्द्रमा शौचालय निर्माण | ५० | ६ |
| २३ | धजाहा टोलको अधुरो बैठक भवन निर्माण | ५०० | ६ |
| २४ | धजाहा जितवाहन मन्दिरमा पूर्वाधार निर्माण | २०० | ६ |
| २५ | नवदुर्गा मन्दिरमा रहेको ट्रस भवनमा जस्ता पाता फेर्ने काम | ७३ | १ |
| २६ | इटौरा रतनपुर सिमाना देखि सितारा होटल गेटसम्म नाला निर्माण | ५०० | ३ |
| २७ | च्याउली बाल शिक्षा अधुरो भवन निर्माण | ३०० | १४ |
| २८ | पोखराडाँडा कृषि तथा पशुपक्षीं कृषक समूह भवन निर्माण | ५०० | १४ |
| २९ | हुप्सेकोट आ. वि. पूर्वाधार निर्माण | २०० | १४ |
| ३० | मैनाघाट खण्डको सबै मोटर बाटो स्तरोन्नति | ६०० | १४ |
| ३१ | माथिल्लो भिउरान मूल कुलोको शाखा ठाडो कुलो मर्मत | ३०० | १५ |
| ३२ | ब्रम्हस्थान आधारभूत विद्यालयमा फुलवारी तथा वृक्षारोपण | ५० | ३ |
| ३३ | जानकी महिला समूह पूर्वाधार निर्माण | १०० | ३ |
| ३४ | प्रसौनी र हर्षपुरा टोलमा बाटो ग्रेडिङ्ग रोलिङ्ग तथा स्तरोन्नति | ११०० | १५ |
| ३५ | हर्वास्टार र भिट्ठा टोलमा बाटो ग्रेडिङ्ग रोलिङ्ग तथा स्तरोन्नति | १३०० | १५ |
| ३६ | गडार खोला पुलदेखि केशव चौधरीको घरजाने बाटो स्तरोन्नति | ५०० | १५ |
| ३७ | चौतारिया टोलमा नाली निर्माण | ३०० | १५ |
| ३८ | राधास्वामी मार्गमा टायल विच्छ्याउने कार्य | ४०० | ८ |
| ३९ | लोहासेधारा टोलमा नाला निर्माण | ३०० | ८ |
| ४० | झ्याङ्गट्टा सिँचाई कुलो तथा सडक स्तरोन्नति | ३०० | ८ |
| ४१ | तरेनी टोलमा खोल्सा भुक्षय नियन्त्रण | ३०० | ८ |
| ४२ | मनकामना मन्दिर मर्मत तथा पूर्वाधार निर्माण | ५० | ८ |

| | | | | |
|---|---|---|---|---|
| ४३ | मध्यविन्दु ६ भण्डरा अन्तर्गत ज्ञवाली पुल देखि ढोलबाजा सम्म विद्युतीय तारवार | ८४० | ६ | |
| ४४ | नन्दपुर कृषि सडक | २५० | २ | |
| ४५ | वड्की मार्ग देखि आलोक चक्रपथ जोड्ने सडक स्तरोन्नति | ७६५ | ३ | |
| ४६ | चौराहा अधुरो नाला निर्माण | ५० | ३ | |
| ४७ | राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत वडा नं. ३ मा खानेपानी पाइप पुर्ने काम | २०० | ३ | |

९. उपभोक्ता समितिबाट कार्यान्वयन भएका र नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितबाट अनुगमन भई पेश भएका पूर्वाधार तर्फका आयोजना फरफारक गर्ने। साथै फरफारक भएका आयोजनाको मर्मत सम्भार, रेखदेख एवम् व्यवस्थापनका लागि सम्बन्धित उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण गर्ने।

१०. नगरपालिकाबाट आ.व. २०८२/८३ को विभिन्न मितिमा वातावरणीय अध्ययनन् प्रतिवेदन स्वीकृत गरी निजी जग्गा सम्याउँदा बढी भएको साधारण निर्माणमुखी माटो उत्खनन् तथा निकासीका लागि अनुमति प्राप्त गरेका फर्म/ व्यवसायीहरुले अनुमति प्रदान गर्दाको शर्त र IEE ले तोकेको मापदण्ड भन्दा ९३०२. २५ घनमिटर साधारण निर्माणमुखी माटो बढी उत्खन्न तथा निकासी गरेको प्राविधिक एवम् स्थलगत निरीक्षण प्रतिवेदनबाट देखिएकोले देहायका फर्म/ व्यवसायीहरुबाट बढी उत्खनन् तथा निकासी भएको देहायको परिमाणमा प्रचलित दररेटमा १० प्रतिशत जरिवाना थप गरी राजश्व लिने।

देहायः

| क्र. सं. | फर्म/ व्यवसायको नाम र ठेगाना | अनुमति प्रदान भएको परिणाम घ.मि. | कुल उत्खनन् भएको परिमाण घ.मि. | बढी उत्खनन् भएको परिमाण घ.मि. | कैफियत |
|---|---|---|---|---|---|
| १ | पञ्च पाण्डव सप्लायर्स मध्यविन्दु ४ | २३३४.८६ | ४६०२.७ | २२६७.८४ | |
| २ | भु बनोट कन्सट्रक्सन एण्ड सप्लायर्स, धुलिखेल ११ | ५२२२.२३ | १०९९७.१३ | ५७७४.९ | |
| ३ | ब्रदर कन्सट्रक्सन एण्ड सप्लायर्स बिनयीत्रिवेणी ३ | ४४५.७२ | ११७२.०९ | ७२६.३६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | आस्था सप्लायर्स मध्यविन्दु ४ | ६०८.७८ | १११५.२ | ५०६.४२ | |
| | जम्मा | ८६११.५९ | १७८८७.१२ | ९२७५.५२ | |

११. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क. को उपदफा ३ बमोजिम नदीजन्य पदार्थको बिक्रीबाट आम्दानी भई मिति २०८३।१।१६ सम्म विभाज्य कोषमा रहेको रकम रु ४०,४३,९६७।- सत प्रतिशत नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्ने ।

१२. तपसिलका उल्लिखित शिर्षकबाट देहायका कार्यक्रम/ आयोजनाहरुमा बजेट विनियोजन तथा खर्च रकम अनुमोदन गर्ने।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | रकम रु | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | जनता मा. वि हर्दिया पूर्वाधार निर्माण तथा मर्मत | ६ | १००,०००।- | विद्यालयको आवश्यकतामा रही पूर्वाधार विकास |
| २ | नगर प्रहरी भवन निर्माण तथा कार्यालय भवन मर्मत र रंगरोहन) | ७ | ३५०,०००।- | कार्यालय संरचना मर्मत सम्भार |
| ३ | सडक पेटी निर्माण तथा मर्मत फेज २ (आलोक चक्रपथको चोरमारा मुरली खोलादेखि दक्षिणतर्फ) | ७ | १०,००,०००।- | पूर्वाधार मर्मत सम्भार |
| ४ | अरुणखोलामा सिसौघारी निर च्यानलाइज गर्ने कार्य | १० र ११ | ४३०,०००।- | जलउत्पन्न प्रकोप |
| ५ | अकलादेवी मन्दिर मर्मत | १३ | ७५,०००।- | धार्मिक स्थल संरक्षण तथा प्रवर्धन. |
| ६ | सिँचाई बोरिङ्ग सफाई गर्ने काम | ४ | ५०,०००।- | सिँचाई मर्मत |
| ७ | वडास्तरीय मौलिक लोक नृत्य प्रतियोगिता | | ७५,०००।- | जनजातिको कला सीप संस्कृति संरक्षण |
| ८ | वडास्तरीय मौलिक लोक नृत्य प्रतियोगिता | | ७५,०००।- | संस्थागत विकास तथा समन्वय |
| ९ | चोरमारा झ्यालवास जाने सडकमा ढल निकास निर्माण | ७ | ९०,०००।- | पूर्वाधार मर्मत सम्भार |
| १० | ज्ञानोदय मा. वि. पूर्वाधार निर्माण | १५ | ३००,०००।- | पूर्वाधार मर्मत सम्भार |

१३. नेपाल रेडक्रस सोसाइटी नेपाल र स्वीस रेडक्रस बीचको परियोजना अन्तर्गत शहरी पूर्व तयारी तथा वातावरणीय उत्थानशीलता प्रवर्द्धन कार्यक्रम सन् २०२६ जुलाई देखि आगामी ३ वर्षका लागि यस नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन, जलवायु परिवर्तन, तातो हावा तथा शीतलहर र स्वास्थ्य, वातावरणीय संरक्षण लगायतका कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गर्ने। साथै उक्त कार्यक्रम कार्यान्वयनका लागि न्यूनतम लागत सहभागिताको प्रतिवद्धता गर्ने।

१४. अरुणखोला क्षेत्रका नागरिकहरूको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्ने उद्देश्यले मध्यविन्दु—१०, अरुणखोलामा रहेको नयाँ बेलहानी स्वास्थ्य चौकीमा मध्यविन्दु नगर अस्पतालबाट चिकित्सकीय सेवा उपलब्ध गराउने।

१५. मध्यविन्दु नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ मा देहायको पहिलो संशोधन प्रस्ताव स्वीकृत गर्ने।

| सि.नं. | संशोधन हुने दफा | उपदफा | कार्यविधिमा भएको व्यवस्था | संशोधन/थप व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|---|---|
| १ | ५ | ५ (१) ज | स्वास्थ्य क्षेत्रमा अनुभव प्राप्त भएका व्यक्तिहरुमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरि समितिले मनोनित गरेको कम्तिमा १ जना महिला सहित ३ जना सदस्य | स्वास्थ्य क्षेत्रमा अनुभव प्राप्त भएका व्यक्तिहरुमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरि समितिले मनोनित गरेको कम्तिमा २ जना महिला सहित ५ जना सदस्य | स्वास्थ्य क्षेत्रमा अनुभव प्राप्त भएका व्यक्तिहरुको प्रतिनिधित्व संख्या कम भएकोले थप गर्नुपर्ने आवश्यकता औंल्याइएकाले संशोधित गरिएको। |
| २ | ५ | ५ (१) ठ | | नगरपालिका भित्र शिक्षा र स्वास्थ्यमा विशेष योगदान पुऱ्याएका विभिन्न सामाजिक संघसंस्था क्लव तथा सहयोगी दातृ संस्थाहरु मध्येबाट समितिले मनोनित २ जना - सदस्य | स्वास्थ्य क्षेत्रमा विशेष योगदान गरेका विभिन्न सामाजिक संघसंस्था क्लव तथा सहयोगी दातृ संस्थाहरुलाई समेत समितिमा समावेश गराउँदा बढी प्रभावकारी हुने। |

१६. नगरपालिकामा कार्यरत स्वास्थ्य सेवा अन्तर्गत सि.अ.न.मी. निरीक्षक लक्ष्मी देवी सापकोटाले स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम ११२ बमोजिमको मिति २०८२।९।२६ देखि २०८२।१२।२५ सम्म असाधारण विदा पाँउ भनी कार्यालयमा निवेदन पेश गरेकोले निजलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम १२० बमोजिम मिति २०८२।९।२६ देखि २०८२।१२।२५ सम्म असाधारण (बेतलवी) विदा स्वीकृत गर्ने।